# सहकारी संघ संस्थाहरुलाई उपलब्ध गराईने अनुदान एवं भन्सार महशूलमा छुट सुविधा सिफारिश सम्बन्धी कार्यविधि,२०६८

**उद्देश्य तथा पृष्ठभूमि :**

नेपालको अन्तरिम संविधान २०६३ मा सरकार, सहकारीता र निजी क्षेत्रको माध्यमबाट अर्थतन्त्रको विकास गर्ने परिकल्पना गरिए अनुरुप मुलुकको समग्र विकासमा सहकारी क्षेत्रबाट महत्वपूर्ण योगदान हुने अपेक्षा गरिएकोछ । समुदायमा छरिएर रहेको श्रम, सीप, प्रविधि र पूँजीलाई एकत्रित गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउन तथा सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरण गरी सम्बृद्ध समाजको निर्माण गर्न सहकारी संघ संस्थाहरुको योगदान महत्वपूर्ण रहेकोछ । सहकारी क्षेत्रको विकास र प्रवर्द्धनको लागि नेपाल सरकारले आ.व. २०६८/०६९ को वजेट वक्तब्यमा उल्लेख गरेका नीतिगत कार्यक्रमहरु कार्यान्वयन गर्ने सन्दर्भमा सहकारी मार्फत कृषि फर्मको स्थापना, कृषि उत्पादनमा आधारित प्रशोधन उद्योगहरुको स्थापना, कृषि उत्पादन भण्डारणका लागि शीतघर निर्माण एवं केन्द्रीय तथा राष्ट्रिय सघहरुलाई कार्यक्रम संचालनको लागि चालु अनुदान, दलितहरुको परम्परागत पेशा र व्यवसायको आधुनिकीकरण, महिला सहकारी द्वारा संचालित लघु खाद्य प्रशोधन उद्योगको स्थापना र हरुवा-चरुवा, वादी तथा ग्रामीण भूमिहीन सुकुम्वासी द्वारा संचालित तरकारी, फलफूल, चिया, कफि तथा जडिबूटी खेति र माछा तथा पशुपालन व्यवसाय संचालन गर्न पूँजीगत अनुदान उपलब्ध गराउन र सहकारी संघ संस्थाहरुलाई ढुवानी साधन तथा कृषि औजार आयातमा भन्सार महसुल छुट सुविधा सिफारिश गर्न कार्यविधिको आवश्यकता महशूस गरी नेपाल सरकार कृषि तथा सहकारी मन्त्रालयबाट **सहकारी संघ संस्थाहरुलाई उपलब्ध गराईने अनुदान एवं भन्सार महशूलमा छुट सुविधा सिफारिश सम्वन्धी कार्यविधि २०६८** स्वीकृतगरी लागु गरिएको छ । अर्को कार्यविधि नबने सम्म वा संशोधन नभए सम्म यो कार्यविधि आगामी आर्थिक वर्षहरुमा समेत लागु हुनेछ ।

## भाग १
## नाम र परिभाषा

**१.नाम:** यस कार्यविधिको नाम सहकारी संघ संस्थाहरुलाई उपलब्ध गराईने अनुदान एवं भन्सार महशूलमा छुट सुविधा सिफारिश सम्वन्धी कार्यविधि २०६८ रहेको छ ।

**२.परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) **साझेदारी कृषि फर्म** भन्नाले सरकार-सहकारी वा निजी-सहकारी वा सरकार-निजी-सहकारीको संयुक्त लगानीमा स्थापना हुने वागवानी, विँउविजन, पशु प्रजनन, पशुपालन, र मत्स्यपालनको दिर्घकालीन व्यवसायिक योजना सहितको सहकारी उत्पादन इकाईलाई जनाउनेछ ।

(ख) **कृषि प्रशोधन उद्योग** भन्नाले प्रारम्भीक कृषि उपजलाई कच्चा पदार्थको रुपमा प्रयोग गरी प्रशोधन वा मूल्य अभिवृद्धिद्वारा उपभोग्य बस्तु उत्पादन र प्याकेजिङको काम गर्ने उद्योगलाई जनाउने छ ।

(ग) **लघु खाद्य प्रशोधन उद्योग:** ठोस तथा पेय खाद्य बस्तु प्रसोधन तथा मूल्य अभिबृद्धि द्वारा खाद्य सामाग्री उत्पादन गर्ने लघु उद्योगलाई जनाउनेछ ।

(घ) **सानाउद्योग** भन्नाले वढीमा तीन करोड रुपैया सम्मको स्थिर जायजेथा भएको उद्योगलाई जनाउनेछ ।

(ङ) **मझौला उद्योग** भन्नाले तीन करोड भन्दा वढी १० करोड रुपैया सम्मको स्थिर जायजेथा भएको उद्योगलाई जनाउनेछ ।

(च) **ठूला उद्योग** भन्नाले १० करोड भन्दा वढी स्थिर जायजेथा भएको उद्योगलाई जनाउने छ ।

(छ) **शीत भण्डार** भन्नाले नाशवान प्रकृतिका ताजा कृषि उपज तथा प्रसोधित कृषि उत्पादन वा छोटो आयू भएका औधोगीक बस्तुहरु भण्डारणको लागि निर्माण भएको प्रबिधियुक्त शीत घरलाई जनाउनेछ,

(ज) **दलितहरुको परम्परागत पेशा** भन्नाले तराईका चमार, डोम र मुसहर तथा पहाडका दमाई, कामी र सार्की लगायत प्रचलित कानून बमोजिम दलितमा सूचिकृत भएका अन्य जातले परम्परागत पेशा व्यवसायमा आधारित छाला, धातु, सिलाई बुनाई, बाद्यवादन, पशुपालन तथा माटोको कामलाई जनाउनेछ ।

(झ) **उच्च मूल्यका कृषि उपज** भन्नाले चिया, कफि, मह, दुग्ध पदार्थ, अदुवा, बेसार, मरिच, लप्सी, सुन्तलाजात फलफूल लगायत उष्ण एवम् शितोष्ण प्रदेशीय फलफूल, जडिबुटी, च्याउ, अलैंची, जुट, तेलहन र सुपारीलाई जनाउनेछ ।

(ञ) **सहकारी** भन्नाले सहकारी ऐन २०४८ अर्न्तगत दर्ता भई संचालनमा रहेका सहकारी संघ संस्थालाई जनाउनेछ ।

(ट) **निर्देशन समिति** भन्नाले यस कार्यविधि बमोजिम गठित निर्देशन समितिलाई जनाउने छ ।

(ठ) **मूल्यांकन समिति** भन्नाले यस कार्यविधि बमोजिम गठित मूल्यांकन समितिलाई जनाउने छ ।

(ड) **मेशिनरी उपकरण** भन्नाले प्रशोधन उद्योगमा प्रयोग हुने मेशिन औजार यन्त्र उपकरण साथै स्थानीय स्तरमा पार्ट पूर्जा जडान गरी तयार गरिएको एसम्वलेड मेशिन उपकरण समेतलाई जनाउनेछ ।

(ढ) **उद्योग स्थापना** भन्नाले नयाँ उद्योग स्थापना गर्ने वा पुरानो उद्योगको क्षमता विस्तार गर्ने कार्यलाई समेत जनाउनेछ ।

(ण) **ऐन** भन्नाले सहकारी ऐन २०४८ सम्झनु पर्नेछ ।

(त) **नियमावली** भन्नाले सहकारी नियमावली २०४९ सम्झनु पर्नेछ ।

## भाग २
## सहकारी उद्योग स्थापना र संचालनको लागि अनुदान वितरण गर्ने आधार

१. सहकारी उद्योगले यस कार्यविधि अनुरुप अनुदान पाउनको लागि प्रचलित कानून बमोजिम दर्ता भई नियमित सञ्चालनमा रहेको सहकारी संघ संस्था हुनु पर्नेछ ।

२. सहकारी संघ संस्थाले वार्षिक साधारण सभाबाट पारित गराई वा आगामी साधारण सभाबाट अनुमोदन गराउने गरी सञ्चालक समितिको निर्णयका आधारमा अनुदान वा सहयोगका लागि माँग गरेको हुनु पर्नेछ ।

३. सहकारीले उद्योग स्थापना सम्वन्धमा कार्ययोजना तैयार गरी प्रस्ताव साथ उद्योगको स्कीम र संभाब्यता अध्ययन गरेको प्रतिवेदन पेश गर्नुपर्नेछ । मझौला र ठुला उद्योगको हकमा आर्थिक वित्तीय विश्लेषणको विवरण समेत पेश गर्नु पर्नेछ ।

४. उद्योग स्थापनाको लागि आवश्यक पर्ने पूर्वाधार जस्तै सडक, विद्युत, पानी आदिको ब्यवस्था भएको वा हुने विश्वास योग्य आधारहरु प्रस्तुत गर्नुपर्नेछ ।

५. कृषि फर्म स्थापनाको लागि ब्यवसायको प्रकृति बमोजिमको जग्गाको ब्यवस्था, चरिचरण, दानापानीको उपलब्धता, अन्य पूर्वाधार र वजार माथिको पहूँच भएको ब्यहोराको पुष्टयाई पेश गर्नुपर्नेछ ।

६. उद्योग स्थापनाको लागि चाहिने जग्गा सहकारी संघ संस्थाको भोगाधिकार वा हकभोगको हुनुपर्नेछ । सहकारी संघ संस्थाको भोगाधिकार वा हकभोगमा जग्गा उपलब्ध नभएमा कम्तिमा ५ वर्षको लागि जग्गा लिज वा भाडामा लिएको प्रमाण पेश गर्नुपर्नेछ । मम्हौला र ठूला उद्योगको हकमा यस्तो लिज सम्झौताको न्यूनतम अवधि कमशः १० र १५ वर्षको हुनुपर्नेछ ।

७. उद्योगले प्रयोग गर्ने कच्चा पदार्थको कम्तीमा ८० प्रतिशत नेपालमा उपलब्ध वा उत्पादन हुने कच्चा पदार्थ प्रयोग हुने सम्भाव्यता प्रस्तावमा उल्लेख हुनु पर्नेछ ।

८. विकास क्षेत्रको आधारमा स्थापना गरिने क्षेत्रीय शीत भण्डार निर्माण गर्नका लागि सम्वन्धित क्षेत्र भित्रको २५ वा सो भन्दा बढी सहकारी संघ संस्थाहरुको संलग्नता र आर्थिक सहभागिता हुनुपर्नेछ । शीत भण्डारको लागि आवश्यक पर्ने जग्गा सम्वन्धित सहकारी संघ/संस्थाहरुले नै व्यवस्था गर्नुपर्नेछ । जग्गा बाहेक शीतघर निर्माण तथा मेसीनरी औजार एवं अन्य पूँजीगत लागतको ५० प्रतिशत अंश सम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

९. अलैंची, चिया, कफि, जुनार/सुन्तलाजात, अदुवा, सुपारी, मह, लप्सी, दुग्ध पदार्थ, लगायत अन्य उच्च मूल्यका कृषिजन्य बस्तु प्रशोधन गर्ने मेशिनरी औजारको खरिद गरी उद्योग स्थापना गर्न जग्गा बाहेक अन्य पूँजीगत खर्चमा सहकारी संघ संस्थालाई ५०% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । यसरी उपलब्ध गराइने अनुदान रकमको सीमा रु १० (दश) लाखसम्मको मात्र हुनेछ ।

१०. साझेदारी कृषि फर्म (पशु विकास फर्म समेत) स्थापनाको हकमा फर्मको व्यवसायिक प्रकृति अनुसार जग्गा बाहेक पूँजीगत लागतको ५० प्रतिशत सम्मको रकम अनुदानको रुपमा उपलब्ध गराउन सकिनेछ । तर प्रति फर्मको लागि उपलब्ध गराइने अनुदानको रकम रु.१५ (पन्द्र) लाखभन्दा वढी हुनेछैन ।

११. महिलाहरुद्वारा संचालित लघु खाद्य प्रशोधन उद्योगहरुको लागि सहकारी संस्थाले पेश गर्ने स्किमको आधारमा बढीमा रु.५ (पांच) लाखसम्म पुंजीगत अनुदान उपलब्ध गराउन सकिनेछ ।

१२. दलितहरुबाट संचालित परम्परागत पेशा/व्यवसायको आधुनिकीकरणको लागि तराईका डोम, चमार, मुसहर र पहाडका कामी, सार्की, दमाई लगायत दलितहरु संगठित भई गठन भएको सहकारी संस्थाहरुलाई व्यवसायिक कार्यमा खर्च गर्ने गरी परियोजनाको ५० प्रतिशत लागत तथा जनसहभागिताको आधारमा प्रति संस्था वढीमा रु. ५ (पाँच) लाखसम्म पूंजीगत अनुदान उपलब्ध गराउन सकिनेछ ।

१३. मौसमी वा वेमौसमी तरकारी फलफुल, चिया, कफि र जडिबुटी खेतीको साथै माछा तथा पशुपालन गर्न चाहने हरुवा, चरुवा, वादी र ग्रामीण भूमीहिन महिलाहरुले सहकारी संस्थामा संगठित भई व्यवसायिक रुपमा खेती गर्न चाहेमा प्रस्ताव बमोजिम पूँजीगत अनुदान स्वरुप रु.२ (दुई) लाखसम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।

१४. उपलब्ध गराइने अनुदान रकम रु. पांच लाख वा सो भन्दा कम भएमा विल विजक र कार्य सम्पन्न प्रतिवेदनको आधारमा दुई किस्तामा भुक्तानी गर्न सकिनेछ ।

१५. प्रस्ताव गरेको उद्योगको कूल लागत अनुसार सहकारीले व्यहोर्ने श्रोत खुल्ने प्रमाणहरु लेखापरिक्षण भएको प्रमाणित वासलात तथा बैंक स्टेटमेण्ट समेत पेश गर्नुपर्नेछ । यस प्रकारको लगानीका लागि सहकारीले सदस्यहरुको निक्षेप र मापदण्डले निर्धारण गरेको निक्षेप पूँजी अनुपात भन्दा बढी पूँजी भएको प्रमाण समेत पेश गर्नुपर्नेछ । सहकारीमा रहेको सदस्यहरुको निक्षेप रकमबाट सहकारी स्वंयले स्थापना गर्ने उद्योगमा लगानी गर्न पाइनेछैन ।

१६. एक वा सो भन्दा वढी सहकारी संघ संस्थााहरु मिलेर उद्योग संचालन गर्न सकिनेछ । एकभन्दा वढी सहकारी संघ संस्थाहरु मिलेर उद्योग संचालन गर्ने भएमा सम्वन्धित संघ संस्थाको संचालक-समितिको निर्णय र उनीहरु वीचको सम्झौता वा करारनामाको प्रमाणित प्रतिलिमि प्रस्तावका साथ पेश गर्नुपर्नेछ ।

१७. एक सहकारीले एक भन्दा वढी उद्योग संचालन गर्ने गरी प्रस्ताव पेश गर्न पाउने छैन । एक संस्थाले एक भन्दा वढी प्रस्ताव पेश गरेको पाईएमा कुनै एक वा दुबै प्रस्ताव रद्ध गर्न सकिनेछ ।

१८. एउटै परियोजनाको लागि अन्य सरकारी वा गैर सरकारी निकायहरुबाट अनुदान सहयोग प्राप्त गरेको वा सहयोगका लागि प्रस्ताव गरेको पाईएमा यस कार्यक्रमबाट थप अनुदान उपलब्ध गराइने छैन । तर शीतभण्डार निर्माणको हकमा यो बूदा लागु हुने छैन ।

१९. राष्ट्रिय सहकारी संघ र सहकारी बैंक एवं केन्द्रीय सहकारी संघहरुको क्षमता विकास तथा संस्थागत सुदृढीकरण कार्यको लागि सहभागितामूलक कार्यक्रमहरु सञ्चालन गर्न चालु खर्च अनुदान उपलब्ध गराउदा सदस्यता संख्या, अन्तर्राष्ट्रिय तथा राष्ट्रियस्तरका सहकारी संगठनहरुसंगको संस्थागत आवद्धता,

संस्थागत सुशासनको अवस्था, व्यवसायिक करोवारको आयतन, वार्षिक साधारण सभा र लेखापरीक्षण सम्बन्धी नियमितता, वार्षिक कार्यक्रमको आयतन, रोजगारी सृजना र मानवीय संसाधनको अवस्थाका आधारमा चालु खर्च अनुदान सहयोग उपलब्ध गराइनेछ ।

२०. सहकारी संघहरुलाई उपलब्ध गराइने चालु खर्च अनुदानबाट सञ्चालन गरिने कार्यक्रमहरुको लागत सहभागिताको आधारलाई पुष्ट्याई गर्ने लेखापरिक्षण भएको वासलात तथा अन्य आर्थिक विवरणहरु उपलब्ध गराउनु पर्नेछ । विगत दुई वर्ष देखि साधारण सभा सम्पन्न गरेको र लेखापरिक्षण गराएको प्रमाणहरु पेश हुन नआएमा र पदावधि समाप्त भई नयाँ निर्वाचन नगराएका तथा निस्क्रिय रहेका संघलाई अनुदान उपलब्ध गराइने छैन । यस आधारमा चालु खर्च अनुदान उपलब्ध गराउने अन्तिम निर्णय खर्च गर्ने अख्तियार प्राप्त निकायले गर्नेछ ।

२१. कृषिमा आधारित वस्तु र सेवा उत्पादन गर्ने एकल उद्देश्यका उत्पादनमुलक सहकारी संघ संस्थाहरु, उपभोग्य वस्तु तथा सेवाको खरिद तथा विक्रि वितरण गर्ने उपभोक्ता एवं वहुउद्देश्यीय सहकारी संघ संस्थाहरुलाई ढुवानी साधन (ट्रक, मिनि ट्रक, डेलिभरी भ्यान) खरिदमा भन्सार छुटको लागि सिफारिश गर्दा सहकारी संघ संस्थाले संचालन गर्ने वार्षिक कारोवारको आयतन, उत्पादित वस्तुको प्रकृति तथा परिणाम, संघ संस्थाले उपलब्ध गराउने सेवा सुविधाको स्तर, सेवा पाउने सदस्यहरुको संख्या, वार्षिक साधारण सभा सम्पन्न भएको, नियमित लेखापरीक्षण गराएको, संचालक समितिको सकृयता तथा सहकारी सुशासन जस्ता आधारहरु लिनु पर्नेछ । नियमित रुपमा वार्षिक साधारणसभा सम्पन्न गर्ने र लेखापरीक्षण गराउने, १०० जना भन्दा बढी सदस्यहरुलाई सेवा दिइरहेको, वार्षिक रु. १० लाख भन्दा वढीको कारोवार भएको, संघ संस्थाको कार्यालय वा गोदाम सम्म यातायातको पहुँच भएको, खाद्य सामाग्री एवं नासवान प्रकृतिको कृषिजन्य उत्पादन सामाग्री विक्रि वितरणको काम गर्ने सहकारी संघ संस्थालाई मेशिनरी तथा ढुवानीका साधन आयातमा भन्सार महशूल छुटको लागि अर्थ मन्त्रालयमा सिफारिश गरिनेछ । आयात गरिने साधन खरिदका लागि प्रचलित मापदण्ड बमोजिमका कोषहरुको उपयोग गर्नु पर्नेछ । औचित्यताको आधारमा प्रति संस्था एउटा मात्र ढुवानी साधन खरिदमा ५० प्रतिशत सम्म भन्सार महसुल छुटको सिफारिश गर्न सकिनेछ ।

२२. स्वास्थ्य सेवासँग सम्बन्धित सहकारी संघ संस्था वा ग्रामीण क्षेत्रका एकभन्दा बढी व्यवसाय गरेका बहुउद्देश्यीय प्रकृतिका सहकारी संस्थाले छुट्टै कोषको व्यवस्था गरी वा संस्थागत जगेडाकोषको उपयोग गरी समुदायका लागि आवश्यक पर्ने आकस्मिक सेवा उपलब्ध गराउन एउटा संस्थालाई १ प्रतिशत भन्सार महशूल लिई एक मात्र एम्वुलेन्स खरिद गर्न छुट सुबिधा उपलब्ध गराउनका लागि अर्थ मन्त्रालयलाई सिफारिश गर्न सकिनेछ ।

२३. सहकारी मार्फत सामूहिक वा चक्लाबन्दी आधारमा खेती गर्ने सहकारी संस्थालाई खेती गरिएको जग्गाको क्षेत्रफल पहाड, तथा हिमाली क्षेत्रको हकमा ५० रोपनी र तराई क्षेत्रमा ८ विगाहा वा सो भन्दा वढी भएमा ट्र्याक्टर आयात गरेमा ५० प्रतिशत सम्म भन्सार महशूल छुट सुबिधाका लागि अर्थ मन्त्रालयमा सिफारिश गर्न सकिनेछ । यस्तो सिफारिश गर्दा सहकारीको नियमतिता र कारोवारको विवरणहरुलाई आधार बनाइनेछ ।

२४. सरकारको वार्षिक नीति तथा कार्यकमको रुपमा वजेट वक्तव्य मार्फत किटान गरिएको क्षेत्र र सम्बन्धित विषयका सहकारी संघ संस्थाहरुलाई अनुदान उपलब्ध गराउँदा सहकारी विभाग वा सम्बन्धित अन्य निकायबाट सार्वजनिक सूचना मार्फत अनुदान प्रस्ताव आह्वान गरिनेछ । प्राप्त प्रस्तावहरुको मूल्यांकन गरी सम्वन्धित संघ संस्थाको लागत सहभागिताका आधारमा सम्झौता गरी कार्य प्रगतिको आधारमा कम्तिमा दुई किस्तामा अनुदान उपलब्ध गराईनेछ ।

२५. रु.५० लाख वा सो भन्दा बढी लागत भएको परियोजनाको हकमा दोस्रो र अन्तिम किस्ता रकम भुक्तानी लिन निवेदन पेश गर्दा सहकारी संघ संस्थाहरुले आफ्नो तर्फवाट निर्माण कार्यको प्रगति सहितको प्राविधिक प्रतिवेदन समेत पेश गर्नु पर्नेछ ।

२६. सम्झौता बमोजिमको काम पुरा नगर्ने सहकारी संघ संस्थाहरुलाई दोश्रो किस्ता रकम रोक्का गर्नुको साथै पहिलो किस्ता वापतको रकम असुल उपर गर्न प्रचलित कानून बमोजिम कारवाई गरिनेछ ।

२७. अन्तिम किस्ता भुक्तानी गर्दा अनिवार्य रुपमा सम्वन्धित कार्यालय तथा सहकारी विभागका कर्मचारीले पेश गरेको प्रतिवेदन र यस कार्यविधिमा उल्लेख भए बमोजिमको प्राविधिक प्रतिवेदनका आधारमा मात्र गर्न सकिनेछ । प्रतिवेदनका लागि सम्वन्धित जिल्लाका सहकारी कार्यालय वा जिल्ला स्थित अन्य सरकारी कार्यालयका कर्मचारीलाई समेत खटाउन सकिनेछ ।

२८. निर्माण कार्यका लागि स्वीकृत बजेट अनुसार पूँजीगत अनुदान प्राप्त गर्ने सहकारी संघ संस्था वा निकायहरुले प्रचलित आर्थिक ऐन नियमको पालना गरी खर्च गर्ने र लेखापरिक्षण गराउने उत्तरदायित्व वहन गर्नु पर्नेछ । सम्बन्धित आर्थिक वर्षका लागि स्वीकृत बजेटको परिधि भित्र रहेर मात्र अनुदान उपलब्ध गराउन सकिनेछ । निर्माण कार्यको लागत अनुमान, डिजायन र कामको मूल्यांकनका लागि सम्बन्धित जिल्लाको जिल्ला प्राविधिक कार्यालय वा सम्बन्धित भवन कार्यालय वा इजाजत प्राप्त प्राबिधिक वा फर्मको कामलाई मात्र स्वीकार गर्न सकिनेछ । निर्माण कार्य सम्बन्धी अनुदान बाहेकका दायित्वका लागि सहकारी विभाग जिम्मेवार हुनेछैन । निर्माण कार्यको दुई पक्षीय सम्झौतामा प्राविधिक सेवा दिने निकाय वा प्राविधिकको नाम उल्लेख गर्नु पर्नेछ । सरकारी निकाय बाहेक निजी क्षेत्रबाट प्राविधिक सेवा लिएको अवस्थामा सम्झौता अगावै नियुक्ति पत्र वा करारनामा र सम्बन्धित संस्था वा व्यक्तिको प्रतिबद्धता पत्र समेत पेश गर्नुपर्नेछ । यस्तो फर्म वा व्यक्तिले प्राप्त गरेको इजाजत पत्र ( नविकरण सहित) को प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ ।

२९. उद्देश्य विपरित अनुदान रकमको प्रयोग अन्य काममा गरेमा वा सम्झौता विपरितका कामहरु गरेमा सम्झौता गर्ने सहकारी संघ संस्था वा सम्बन्धित अन्य निकायका पदाधिकारी र सञ्चालक समिति व्यक्तिगत र सामूहिक रुपमा उत्तरदायी हुनेछन ।

३०. कुनै एक गाँउ विकास समितिमा एक भन्दा बढी सहकारीलाई सोही आर्थिक वर्ष भित्र यस कार्यविधिमा समेटिएको एकै किसिमको उद्यमको लागि अनुदान उपलब्ध गराइने छैन । तर अनुदानको माँग नभएको कारणबाट सम्बन्धित शिर्षकमा रकम बाँकी रहने भएमा निर्देशक समितिको निर्णयले एक भन्दा बढी सहकारीलाई समेत एकै आर्थिक वर्ष भित्र अनुदान उपलब्ध गराउन सकिनेछ ।

३१. सामान्यतया अघिल्लो आर्थिक वर्षहरुमा अनुदान सहयोग लिई उद्योगको स्थापना गरेका सहकारीहरुलाई अनुदान सहयोग सूचिमा समाबेश गरिने छैन । तर कुनै सहकारीले अघिल्लो अनुदानको उपयोग गरी संस्थागत आयमा बृद्धि गर्नुका साथै स्थानीयस्तरमा रोजगारी सिर्जना गरी समुदायलाई उल्लेखनिय योगदान पुऱ्याएको छ भने त्यस्तो उद्योग व्यवसायको क्षमता अभिबृद्धिमा सहयोग पुऱ्याउन अनुदान कार्यक्रममा पुन समावेश गराउन सकिनेछ ।

## भाग ३
## अनुदान वितरणको लागि सहकारी छनौट गर्ने विधि

१. यस कार्यविधि अनुरुप उद्योग स्थापनामा अनुदान रकम प्राप्त गर्न ईच्छुक एवं योग्य सहकारीहरुबाट दरखास्त आब्हान गरिने छ । सहकारी विभागबाट राष्ट्रियस्तरको पत्रिकामा ३० दिनको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ । सूचना प्रभावकारी बनाउन देशभरी प्रशारण क्षमता भएका रेडियो समेतको उपयोग गर्न सकिनेछ ।

२. सूचनामा अनुदान प्राप्त गर्न आवेदन गर्ने प्रमुख आधारहरु, दरखास्त साथ पेश गर्नुपर्ने विवरण र कागजपत्रहरु, एवं दरखास्त दर्ता गर्ने मिति र कार्यालय वारे स्पष्ट उल्लेख गर्नु पर्नेछ ।

३. यस कार्यविधि अनुरुप अनुदान रकम प्राप्त गर्न चाहने सहकारीले आफ्नो निवेदन/दरखास्त तोकिएको मिति भित्र सम्वन्धित जिल्ला स्थित सहकारी कार्यालय र सहकारी कार्यालय नभएको जिल्लाको हकमा जिल्ला कृषि विकास कार्यालय मार्फत सहकारी विभागमा पेश गरिसक्नु पर्नेछ । तर राष्ट्रिय तथा केन्द्रीय सहकारी संघहरुले अनुदानका लागि सोझै सहकारी विभागमा यस कार्यविधिमा उल्लेखित विवरण तथा कागजपत्र सहितको पत्र दर्ता गराउनु पर्नेछ ।

४. अनुदानको लागि पेश भएका प्रस्तावहरु मूल्यांकन गर्दा प्रयोग गरिने आधारहरु देहाय बमोजिम रहनेछ ।

(क) सहकारी संघ संस्था स्थापना र संचालन भएको समयावधिलाई १० अंक भार (तीन वा तीन भन्दा बढी आर्थिक वर्ष देखि सञ्चालनमा रहेका सहकारी संस्थालाई १० अंक, न्यूनतम २ आर्थिक वर्ष पुरा भएकोलाई ७ अंक प्राप्त गर्ने छन भने सो भन्दा कम अबधिकाले ४ अंक प्राप्त गर्ने छन),

(ख) साधारणसभा र लेखापरिक्षणको नियमिततालाई ५ प्रतिशत अंक भार (चालू आ.व.को सम्पन्न गर्नेलाई ५ अंक, अघिल्लो आ.व.सम्मको सम्पन्न गर्नेलाई २ अंक र विगत २ वर्ष देखि नगरेकालाई शून्य अंक),

(ग) सदस्यहरुको संख्यालाई २० प्रतिशत अंक भार (५०१ भन्दा बढी सदस्य भएको संघ संस्थाको लागि २० अंक, ३०१ भन्दा बढी ५०० सम्म सदस्य संख्या भएको सहकारी संस्थाको लागि १५ अंक, १०१ देखि ३०० सम्म सदस्य संख्या भएको संघ संस्थाको लागि १० अंक, ५१ देखि १०० सम्म सदस्य भएका सहकारी संघसंस्थाका लागि ५ अंक र सो भन्दा कम सदस्य संख्या भएका सहकारीका लागि ३ अंक दिइनेछ),

(घ) स्वदेशमा निर्मित मेशीन उपकरणको उपयोगलाई ५ अंक भार दिइनेछ,

(ङ) कूल परियोजनामा लागत सहभागिताको लागि २० अंक भार (७५ प्रतिशत भन्दा बढीको लागत सहभागिताका लागि २० अंक, ६१ देखि ७५ प्रतिशत सम्मका लागि १५ अंक, ५० देखि ६० प्रतिशत सम्मका लागि १० अंक, २५ प्रतिशत देखि ४९ प्रतिशत सम्मका लागि ५ अंक र सोभन्दा कम सहभागिताका लागि शून्य अंक दिइनेछ),

(च) सहकारी संघ संस्था रहेको भौगोलिक क्षेत्रका लागि २० अंकभार ( हिमाली क्षेत्रका लागि २० अंक, पहाडी तथा तराई मधेशका ग्रामीण क्षेत्रका लागि १५ अंक, नगरपालिका क्षेत्रका लागि १० अंक, उपमहानगर तथा महानगरपालिकाको लागि ५ अंक दिइनेछ),

(छ) सहकारी संस्थामा समावेशी सदस्यताका लागि १० अंकभार (महिला वा जनजाति वा आदिवासी वा मुश्लिम वा दलितहरुको सदस्यता पचास प्रतिशत भएमा १० अंक, २५ देखि ५० प्रतिशत भएमा ७ अंक र २५ प्रतिशत भन्दा कम भएमा ५ अंक दिइनेछ),

(ज) सम्भाव्यता अध्ययन प्रतिवेदनको प्रभवकारिताको लागि वढीमा १० अंकभार (भौतिक, वित्तीय, सामाजिक, पर्यावरणीय र बजार सम्बन्धी संभाव्यताको लागि २/२ अंकका दरले) ।

## ५. अनुदान पाउने सहकारीले पालना गर्नु पर्ने शर्तहरु :

यस कार्यविधि अनुसार अनुदान रकम लिनु अगाडि सम्वन्धित सहकारी संघ संस्थाको तर्फबाट अध्यक्ष वा सञ्चालक समितिले तोकेको पदाधिकारीले निम्न बमोजिमका शर्तहरु समेत पालना गर्ने गराउने गरी गरेको सम्झौताको आधारमा अनुदान रकम उपलब्ध गराइनेछ ।

१. यस कार्यविधि अनुसार अनुदान लिई संचालित उद्योग कम्तीमा १० वर्ष सम्म विक्रि गर्न पाईने छैन । त्यस पछि विक्रि गर्नु परेमा सहकारी विभागको पूर्व स्वीकृति लिएर मात्र विक्रि गर्न सकिनेछ ।

२. निर्धारित उद्योगमा अनुदान रकम प्रवाह भैसकेपछि जुन प्रयोजनको लागि अनुदान लिएको हो सोही सम्वन्धी उद्योग स्थापना गरी संचालन गर्नु गराउनु पर्नेछ ।

३. उद्योगमा कम्तीमा ८० प्रतिशत स्वदेशि कच्चा पदार्थको प्रयोग गर्नु पर्नेछ ।

४. यस कार्यविधि अनुरुप अनुदान लिई संचालन हुने उद्योगमा अदक्ष श्रमिकको हकमा सम्पूर्ण स्वदेशी जनशक्तिको प्रयोग गर्नु पर्नेछ र दक्ष जनशक्तिको हकमा स्वदेशी उपलब्ध हुन नसकेमा मात्र प्रचलित कानून अनुसार विदेशी जनशक्ति प्रयोग गर्न सकिनेछ ।

५. कुनै उद्योगीले यस कार्यविधि अनुरुप अनुदान रकम प्राप्त गरी सकेपछि तोकिएको समय अघिनै उद्योग विक्रि गरेमा वा संचालन नगरेमा १०% हर्जाना सहित उक्त अनुदान रकम सम्वन्धित सहकारीबाट असुल उपर गरिनेछ ।

६. **निर्देशन समिति** :

यस कार्यविधि अनुसार अनुदान माग गरी पेश भएका प्रस्तावहरु मध्ये यस कार्यविधि बमोजिम गठन भएको प्रस्ताव मूल्यांकन उप-समितिबाट छनौट भई पेश हुन आएका प्रस्तावहरु स्वीकृत गर्न, सोही उप-समितिको सिफारिश अनुसार तोकिए अनुसारका सहकारीलाई उद्योग स्थापना गर्न अनुदान उपलब्ध गराउन, बहुवर्षिय अनुदान उपलब्ध गराउनु पर्ने उद्योगको हकमा अर्थ मन्त्रालयमा स्वीकृतिका लागि लेखी पठाउन र सो सम्वन्धमा आवश्यक निर्देशन दिन निम्न पदाधिकारीहरु रहेको एक निर्देशन समिति रहनेछ :

- सचिव, कृषि तथा सहकारी मन्त्रालय- अध्यक्ष
- सह सचिव, योजना महाशाखा, कृषि तथा सहकारी मन्त्रालय-सदस्य
- सह सचिव, वजेट तथा कार्यक्रम मशाखाआ, अर्थ मन्त्रालय- सदस्य
- सह सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय- सदस्य
- सदस्य सचिव, राष्ट्रिय सहकारी विकास बोर्ड-सदस्य
- उपाध्यक्ष, राष्ट्रिय सहकारी संघ-सदस्य
- रजिष्ट्रार, सहकारी विभाग- सदस्य सचिव

७. **प्रस्ताव मूल्यांकन उप-समिति** :

(१) यस कार्यविधि बमोजिम प्राप्त प्रस्तावहरु मूल्यांकन गरी अनुदान वितरणको लागि उद्योग छनौट गर्ने कार्यमा निर्देशन समितिलाई सघाउ पुऱ्याउन एक मूल्यांकन उप-समिति रहनेछ । उप समितिले प्राप्त प्रस्तावहरुको मूल्यांकन गरी स्वीकृतिका लागि निर्देशन समितिमा पेश गर्नेछ । प्रस्ताव मूल्यांकनको लागि उप-समितिले आवश्यकता अनुसार प्रस्तावित उद्योगको स्थलगत अनुगमन निरीक्षण गरी गराई प्रतिवेदन लिन सक्नेछ । उप समितिले आबश्यकता अनुसार अन्य प्राविधिक कर्मचारीको सहयोग समेत लिन सक्नेछ ।

(२) प्रस्ताव मूल्यांकन उप-समितिमा रहने पदाधिकारीहरु :

- सहकारी विभागका उप-रजिष्ट्रार- संयोजक
- कृषि तथा सहकारी मन्त्रालयका वजेट कार्यक्रम शाखाका अधिकृत प्रतिनिधि- सदस्य
- सहकारी विभागका रजिष्ट्रारले तोके बमोजिम २ जना विज्ञ - सदस्य
- प्रमुख, योजना शाखा, सहकारी विभाग- सदस्य सचिव

**८. अनुदान रकम प्रवाह प्रक्रियाहरु :**

१. निर्देशन समितिबाट अनुदानका लागि स्वीकृत भएका सहकारीहरुलाई स्वीकृत रकम सहकारी विभाग वा अन्तर्गतका कार्यालयहरुबाट निकाशा गरी अभिलेख राख्ने व्यवस्था गरिनेछ ।

२. अनुदानका लागि स्वीकृत भएका संघ संस्थाहरुले स्वदेशमै निर्मित मेशिन उपकरण खरिद गर्ने भएमा मेशिन उपकरण खरिद गरी त्यसको वील भरपाई सहित सम्वन्धित सहकारी कार्यालय वा सहकारी कार्यालय नभएको जिल्लामा जिल्ला कृषि विकास कार्यालयको निरीक्षण भ्रमणबाट उक्त मेशिन उपकरण सम्वन्धित स्थलमा पुगी सकेको भन्ने प्रतिवेदन प्राप्त भएपछि सोको आधारमा आर्थिक ऐन नियम अनुसार निर्धारित रकमको वढीमा ५०% रकम पहिलो किस्ता उपलब्ध गराईनेछ ।

३. दफा ८(२) अनुसार मेशिन उपकरण खरिद गर्ने सहकारीले मेशिन उपकरण जडान गरे पछि बाँकी ५०% रकम अन्तिम किस्ताको रुपमा निकासाको व्यवस्था गरिनेछ । त्यस्तो भुक्तानी सहकारी कार्यालय वा सहकारीको कार्यालय नभएको जिल्लामा जिल्ला कृषि विकास कार्यालयको स्थलगत प्रतिवेदनका

आधारमा मात्र दिईनेछ । आवश्यकता अनुसार सहकारी विभागले निरीक्षण गरी प्रतिवेदन पेश गर्न कर्मचारी खटाउन सक्नेछ ।

४. ठूला सहकारी उद्योगको हकमा प्रतितपत्र (Letter of Credit) मार्फत मेशिनरी तथा उपकरण खरिद गरिने अवस्थामा उद्योगीले मेशिन उपकरण गरिद गरी आयात गर्ने प्रतितपत्र खोल्नको लाग स्वीकृत रकमको वढीमा २५% रकम सोझै वैंकलाई भुक्तानी उपलब्ध गराउन सक्नेछ । दोस्रो किश्ता वापत ५०% रकमको भुक्तानी प्रस्तावमा उल्लेख भएबमोजिमको गुणस्तर तथा मूल्यको मेशिन उपकरण कारखाना स्थलमा पुगेको प्राविधिक प्रतिवेदन सहित सहकारी कार्यालय वा जिल्ला कृषि विकास कार्यालयको प्रमुखबाट सिफारिश भइआएपछि र बाँकी २५% रकमको भुक्तानी गर्नको लागि मेशिन उपकरण जडान भई संचालन भएको वारे प्राविधिक प्रतिवेदन सहित सम्बन्धित सहकारी कार्यालय वा सहकारी कार्यालय नभएको जिल्लामा जिल्ला कृषि विकास कार्यालयका प्रमुखबाट सिफारिश पत्र प्राप्त भएपछि मात्र सकिनेछ । यस्तो भुक्तानीका लागि सहकारी विभागले आफू अन्तर्गतको निकाय मार्फत निकाशा हुने व्यवस्था मिलाउन सक्नेछ ।

५. मेशिन तथा उपकरणको लागत विदेशबाट आयात गर्नु परेको अवस्थामा भन्सारले कायम गरेको मूल्यलाई लागत मुल्य मानिनेछ ।

६. शीतघर निमार्णको लागि प्रस्ताव स्वीकृत भएकोमा सहकारी संघ संस्थाले भवन/सेड निमार्णको लागि ठेकेदार सँग सम्झौता गरेपछि स्वीकृत अनुदान रकमको २५ प्रतिशत, भवन निमार्णको काम सम्पन्न भएपछि २५ प्रतिशत, मेशिन आयात भएपछि २५ प्रतिशत र बाँकी २५ प्रतिशत मेशिन जडान भएपछि स्थलगत निरीक्षणको प्रतिवेदनको आधारमा भुक्तानी दिईनेछ । यसरी भुक्तानी दिँदा सम्बन्धित प्राविधिकको प्राबिधिक प्रतिबेदन अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

७. कृषि फार्म स्थापनाको लागि सम्वन्धित स्वीकृत परियोजना प्रस्ताव अनुसार शुरुमा अनुदान रकमको २५ प्रतिशत र प्रगति प्रतिवेदनका आधारमा दोस्रो किश्ता वापत ५० प्रतिशत र बाँकी २५ प्रतिशत परियोजनाको काम पुरा भएपछि भुक्तान  गरिनेछ । यस प्रकारको भुक्तानी गर्दा विल भर्पाई सहित फर्मको प्रकृति अनुसार प्राविधिक प्रतिवेदन सहित सम्वन्धित जिल्ला कृषि विकास कार्यालय वा पशु सेवा कार्यालयको स्पष्ट सिफारिशका आधारमा मात्र गरिनेछ ।

८. महिलाद्वारा संचालित सहकारी संस्थाबाट लघु खाद्य प्रशोधन उद्यम स्थापना गर्ने प्रयोजनको लागि प्रस्ताव स्वीकृत भएकोमा प्रशोधनको लागि मेशिन उपकरण खरिद गरी सम्वन्धित संघ संस्था वा उद्योग स्थलमा आई पुगेको निरीक्षण प्रतिवेदनको आधारमा ५० प्रतिशत र बाँकी ५० प्रतिशत मेशिन उपकरण जडान भएको प्रमाण र प्रतिवेदनको आधारमा भुक्तानी दिईनेछ । यस प्रकारको भुक्तानी गर्दा विल भर्पाई सहित सम्वन्धित सहकारी कार्यालय/कृषि विकास कार्यालयको प्रगति प्रतिवेदन र सिफारिशका आधारमा मात्र गरिनेछ ।

९. दलितहरुको परम्परागत पेशा र व्यवसायको स्तर उन्नति र आधुनिकीकरणको लागि परियोजना प्रस्ताव स्वीकृत भएपछि सम्बन्धित सहकारीलाई ३ किश्तामा अनुदान रकम उपलब्ध गराइनेछ । स्वीकृत अनुदानको पहिलो किश्ता वापतको रकम २५ प्रतिशत सम्झौताको वेलामा, दोस्रो किश्ता वापतको रकम ५० प्रतिशत प्रगति प्रतिवेदनका आधारमा र बाँकी २५ प्रतिशत रकम परियोजना बमोजिमको कार्य सम्पन्न भएको प्रतिवेदनका आधारमा भुक्तान गरिनेछ । दोस्रो र अन्तिम किश्ता वापतको रकम भुक्तानी गर्दा विल भर्पाई सहित सम्वन्धित सहकारी कार्यालय/जिल्ला विकास समितिको कार्यालयको प्रगति प्रतिवेदन र सिफारिशका आधारमा गरिनेछ ।

१०. हरुवा चरुवा वादी, ग्रामीण महिला, भुमिहिन सुकुम्वासीद्वारा संचालित मौसमी तथा वेमौसमि तरकारी, फलफुल, चिया, कफि तथा जडिवुटी खेती र माछा तथा पशुपक्षि व्यवसाय संचालन गर्न अनुदान स्वीकृत भएकोमा व्यवसाय स्थापनाको लागि सुरुमा वीउ विजन चल्ला, पाठा पाठी खरिद तथा खोर/गोठ/पोखरी/जग्गाको तयारीको लागि ५० प्रतिशत र उत्पादन सुरु भए पछि कच्चा पदार्थ (दाना पानी, मल आदि) को लागि ५० प्रतिशत रकम वीउ पुँजीको रुपमा अनुदान दिईनेछ । यस प्रकारको

भुक्तानी गर्दा विल भर्पाई सहित विषयका आधारमा सम्वन्धित जिल्ला कृषि विकास कार्यालय वा पशु सेवा कार्यालय वा सहकारी कार्यालय वा जिल्ला विकास समितिको कार्यालयको सिफारिशमा गरिनेछ ।

११. सहकारी संघ संस्था तथा अन्य निकायहरुलाई संस्थागत सुदृढीकरणका लागि निर्माण अनुदान उपलब्ध गराउन सहकारी विभाग वा अन्तर्गतका कार्यालय मार्फत कामको प्रगतिका आधारमा ३ किश्तामा रकम उपलब्ध गराउनु पर्नेछ । यसरी रकम उपलब्ध गराउँदा सम्बन्धित जिल्लाको जिल्ला प्राविधिक कार्यालय वा भवन कार्यालयको प्राविधिक प्रतिवेदन पेश गरेको हुनु पर्नेछ । सरकारी कार्यालय बाहेक इजाजत प्राप्त प्राविधिक परामर्शदाताको प्राविधिक प्रतिवेदनलाई समेत मान्यता दिइनेछ । पहिलो किश्ता वापतको रकम कामको सम्झौता भएपछि स्वीकृत अनुदान रकमको २५ प्रतिशत र दोस्रो किश्ता प्रगतिको आधारमा बढीमा ५० प्रतिशत र बाँकी २५ प्रतिशत रकम काम सम्पन्न भएको प्रतिवेदन प्राप्त भएपछि निकाशा गरिने गरी सम्झौता गरिनेछ ।

१२. आर्थिक वर्ष समाप्त हुनु अगावै सम्झौता बमोजिमको काम पुरा गरी अनुदान रकम निकाशा हुन नसकी स्वीकृत बजेट फ्रिज भएमा सहकारी विभाग बाँकी रकम भुक्तानी गर्न जिम्मेवार हुने छैन ।

१३. किटान गरिएका उद्योगहरुको स्थापनामा सम्बन्धित सहकारीका संघ संस्थाहरुबाट प्राप्त प्रस्ताव उपर यस कार्यविधि अनुसारको उपसमितिले अध्ययन गरी निर्देशक समितिमा आफ्नो राय सहित पेश गर्नेछ । प्रस्तावनामा नपुग भएका विवरण तथा परियोजनालाई सफलता पूर्वक सम्पन्न गर्न गराउन सम्बन्धित पक्षहरुसँग सम्पर्क समन्वयको काम सहकारी विभागले गर्नेछ । यस क्रममा सम्बन्धित सहकारी संघ संस्थाहरुबाट थप प्रतिबद्धता र विवरणहरु माँग गर्न सकिनेछ । सम्बन्धित सहकारी संघ संस्थाहरुलाई परियोजना सफलतापूर्वक सम्पन्न गर्न गराउन थप श्रोत साधन र व्यवस्थापनमा समायोजनका लागि सहकारी विभागले निर्देशन गर्न सक्नेछ । यस्तो परियोजनामा सम्बन्धित सहकारी संघ संस्थाको लागत सहभागिता (जग्गा बाहेक) कम्तिमा २५ प्रतिशत अनिवार्य हुनेछ ।

१४. परियोजना प्रस्ताव उपर सम्बन्धित सरकारी निकायहरु मार्फत प्राविधिक प्रतिवेदन लिने अधिकार सहकारी विभागमा रहनेछ । सरकारी निकायबाट सम्बन्धित विषयका प्राविधिक प्रतिवेदन प्राप्त हुन सक्ने अवस्था नरहेमा बाह्य परामर्शका लागि सहकारी विभागले निर्देशन दिन सक्नेछ । यस्तो परामर्श वा प्रतिवेदन लिने काममा हुने खर्च सम्बन्धित सहकारी संघ संस्था वा निकायले वहन गर्नु पर्नेछ ।

१५. अनुदान रकम लिई गरिने कामका लागि यस कार्यविधिमा उल्लेखित आधारहरु समावेश गरी सहकारी विभागले तोकेको ढाँचामा संझौता गरी काम सम्पन्न गरी गराई मात्र भुक्तानी गर्न सकिनेछ ।

१६. वजेट वक्तब्यमा तोकिएका सहकारी उद्योगहरुलाई अनुदान वितरण गर्दा दुई पक्षिय सम्झौता गरिसकेपछि पहिलो किस्ता भुक्तानी गरिनेछ । दोश्रो किस्ताको हकमा सम्झौताका शर्तहरुको पालना र कार्य प्रगतिको आधारमा भुक्तानी गरिनेछ ।

## भाग ४
## अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्थाहरु

१. यस कार्यविधि अनुसार उपलब्ध गराइने अनुदान रकमको सदुपयोग भए नभएको वारेमा समय समयमा अनुगमन तथा निरीक्षण गरी सोको प्रतिवेदन सहकारी विभागमा पेश गर्ने व्यवस्था मिलाइनेछ ।

२. यस कर्याविधि अनुरुप उपलब्ध गराईएको अनुदानको उपयोग र उद्योग संचालनको अवस्था वारे समय समयमा अनुगमन तथा निरीक्षण गर्ने गराउने दायित्व कृषि तथा सहकारी मन्त्रालय र सहकारी विभागको हुनेछ । यस कार्यमा कामको प्रकृति अनुसार कृषि विभाग वा पशु सेवा विभाग वा अर्न्तगतका निर्देशनालय वा जिल्ला स्थीत कार्यालय तथा सेवा केन्द्रहरु पनि जिम्मेवार हुनेछन ।

३. सहकारी विभागले उद्योग स्थापना तथा अनुदान रकम सम्वन्धी विवरण सम्वन्धित सहकारी कार्यालय र सहकारी कार्यालय नभएको जिल्लामा जिल्ला कृषि विकास कार्यालयमा पठाउनु पर्नेछ । त्यसै गरी उद्योग स्थापना तथा अनुदान रकम सम्वन्धी विवरण सम्वन्धित विभाग, वोर्ड, समिति, तथा कार्यक्रम निर्देशनालयलाई समेत उपलब्ध गराउनु पर्नेछ ।

४. अनुदान प्राप्त उद्योगले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको पाईएमा सहकारी विभागले सम्बन्धित निकायहरुको सहयोग लिइ शर्तहरुको पालना गर्न गराउन वा प्रचलित कानून बमोजिम असूल उपर गर्न गराउन कारावाही चलाउने छ । यस कार्यमा सम्बन्धित अन्य सरकारी निकायको सहयोग लिन सकिनेछ ।

## भाग–५

## विविध खण्ड

**१. कार्यविधिमा अस्पष्टता आएमा** :

यस कार्यविधिमा कुनै वुँदा कार्यान्वयनमा अस्पष्टता आएमा कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

**२. संशोधन तथा खारेज :**

(क) कृषि तथा सहकारी मन्त्रालयले आवश्यकता अनुसार कार्यविधिको कुनै वुँदा संशोधन तथा खारेज गर्न सक्नेछ तर आर्थिक विषय समावेश भएको वुँदाहरुको संशोधन गर्दा अर्थ मन्त्रालयको सहमतिमा गर्न सकिने छ ।

(ख) उच्च मूल्यका कृषि उपज प्रशोधन उद्योग स्थापनाको लागि अनुदान वितरण सम्वन्धी कार्यविधि २०६६ खारेज गरिएको छ ।